मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

## जाडोको समयमा चिसोबाट बचौं ।

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

◆ वर्ष : २८ ◆ अङ्क : ३७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७९ पुस ९ गते शनिबार (Saturday, December 24. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

# नेपाल पर्यटन दशकका रणनीतिक योजना

**झापा पुस ८।** सरकारले पर्यटन क्षेत्रको पुनरुत्थान योजना अन्तर्गत नेपाल पर्यटन दशक (सन् २०२३-२०३२) को रणनीतिक कार्ययोजना तयार गरेको छ ।

सो कार्ययोजनामा सन् २०३२सम्ममा ३५ लाख विदेशी पर्यटक पुऱ्याउने लक्ष्य लिइएको छ भने सोही अवधिमा पर्यटन क्षेत्रमा थप १० लाख रुपैयाँ नयाँ रोजगारी सिर्जना गर्ने योजना छ ।

नेपाल पर्यटन दशक रणनीतिक कार्ययोजनाबारे जानकारी दिन शुक्रवार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री जीवनराम श्रेष्ठले कोभिड महामारीबाट प्रभावित पर्यटन क्षेत्रको दीर्घकालीन सोचसहितको पुनरुत्थान आवश्यक भएकाले पर्यटन दशकको अवधारणा ल्याइएको बताए । उनले नेपाल पर्यटन दशकले विश्वपर्यटन बजारमा नेपाललाई अग्रणी स्थानमा स्थापित गर्न सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

मन्त्री श्रेष्ठले दशक कार्ययोजनाअन्तर्गत देशैभरी बहुपक्षीय पूर्वाधारको विकास गर्ने, पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४सम्म पर्यटन आगमनलाई २०१९को पूर्ववत् अवस्थामा पुऱ्याउने लक्ष्य लिइएको उल्लेख गरे । कार्ययोजनामा कोभिड-१९ महामारीबाट थलिएको मुलुकको पर्यटन क्षेत्रको पुनरुत्थान गर्दै सन् २०२४ सम्ममा पर्यटन आगमनलाई २०१९को पूर्ववत् अवस्थामा पुऱ्याउने र तत्पश्चात् पर्यटन आगमन प्रतिवर्ष १५ प्रतिशतले वृद्धि गरी वार्षिक ३५ लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको छ ।

यसका साथै प्रतिपर्यटक प्रतिदिन खर्च ४८ अमेरिकी डलरबाट एक सय २५ पुऱ्याउनुका साथै देशको कूल



गार्हस्थ्य उत्पादनमा पर्यटनको योगदानलाई १० प्रतिशतसम्म पुऱ्याउने लक्ष्य छ । यी लक्ष्यप्राप्त गर्न संस्थागत सुदृढीकरण, पूर्वाधार स्तरोन्नति, लगानी प्रवर्द्धन, पर्यटन प्रवर्द्धन, पर्यटन उपज विकास तथा विस्तार एवम् विविधिकरण, कोभिडपछिको पर्यटनको पुनर्जागरण गर्दै देशैभरी पर्यटन प्रवर्द्धनका लागि प्रादेशिक तथा राष्ट्रियस्तरका अभियान सञ्चालन गरिने कार्ययोजनामा उल्लेख छ ।

पर्यटन दशक कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि तीन तहका सरकारसँग समन्वय गरेर अघि बढ्ने पर्यटनमन्त्री श्रेष्ठले जानकारी दिए । उनले भने- पर्यटक भ्रमण वर्ष भनेर मात्र हुँदैन, त्यसका लागि हामीले पूर्णतयारी गर्नुपर्छ । विगतका पर्यटक भ्रमण वर्षले पर्यटन आगमनमा सुधार आएको आँकडाले देखाउँछ । तर, त्यतिबेलाको संरचना र अहिलेको फरक छ, त्यसैले ती संरचनालाई एउटै लयमा अघि बनाएर पूर्वाधार विकास, पर्यटनमन्त्री वातावरण बनाई निजी क्षेत्रलाई प्रोत्साहन गर्न जरुरी छ ।

**१० वर्षे अभियान**

नेपाल भ्रमण दशक योजना अन्तर्गत पहिलो वर्ष अर्थात् सन् २०२३ मा कार्ययोजना निर्माण तथा योजना तर्जुमा लगायत तयारी गरिने योजना छ । सन् २०२४ मा बाग्मती प्रदेश 'थिमेटिक क्याम्पियन अफ कल्चरल हेरिटेज अफ बागमती प्रदेश' सञ्चालन गरिनेछ । सन् २०२५मा गण्डकी प्रदेशलाई प्राथमिकता दिएर अभियान चलाइनेछ भने सन् २०२६ मा राष्ट्रियस्तरको अभियान

*(बाँकी अन्तिम पृष्ठमा)*

## कुटेले हिर्काएर जेठाजुको हत्या आरोपमा बुहारी पक्राउ

**बिर्तामोड, पुस ८।** झापाको कनकाई नगरपालिका-४स्थित इलुवाबारी निवासी एक महिला आफ्नै जेठाजुको हत्या गरेको अभियोगमा पक्राउ परेकी छिन् ।

जिल्ला प्रहरी कार्यालय झापाको प्रहरीको टोलीले ५५ वर्षीय जेठाजु पदमलाल बाँस्तोलाको हत्या गरेको आरोपमा ४९ वर्षीया बुहारी रणमाया बाँस्तोलालाई पक्राउ गरेको हो । उनलाई शुक्रवार अपरान्ह प्रहरीको टोलीले घरैबाट पक्राउ गरेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक रुगमबहादुर कुँवरले जानकारी दिए । शिवसताक्षी-१० टेक्रास्थित कनकाई नदी किनारको काँसघारीमा पदमलालको शव विहीवार अपरान्ह फेला परेको थियो । मृतक बाँस्तोलाको टाउकाको अगाडि र पछाडिको भागमा चोटैचोट देखिएपछि प्रहरीले अनुसन्धान अघि बढाएको थियो ।

इलामको देउमाई नगरपालिका घर भई हाल कनकाईस्थित इलुवाबारीमा भाइको घरमा बस्दै आएका बाँस्तोला बुधवार दिउँसो २ बजेदेखि सम्पर्कविहीन बनेका थिए । सोही दिन अपरान्ह बुहारीसँग उनी घाँस काट्न गएको र बुहारीले फलामको कुटेले हिर्काएर उनको हत्या गरेको प्रारम्भिक अनुसन्धानका क्रममा देखिएको प्रहरी नायव उपरीक्षक कुँवरको भनाइ छ । मृतक बाँस्तोलाकी श्रीमती र छोराछोरी भारतको आसाममा रहेको र उनी भाइबुहारीसँग बस्दै आएको बताइएको छ । प्रहरीले बाँस्तोलाको हत्यामा प्रयोग गरिएको फलामको कुटे समेत बरामद गरेको बताइएको छ ।

## भाँडामा राखेको पानीमा डुबेर शिशुको मृत्यु

**झापा, पुस ८।** राँगालाई पानी खुवाउन राखेको भाँडामा डुबेर झापामा १७ महिने शिशुको मृत्यु भएको छ ।

मृत्यु हुनेमा भद्रपुर-१ संगम टोल निवासी बिजय लिम्बूका १७ महिने छोरा इच्छुहाङ्ग लिम्बू रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक बसन्त पाठकले जानकारी दिए ।

## नागरिकलाई बचाउन रकम खर्च गर्न जिल्लालाई अख्तियारी

**झापा, पुस ८।** सरकारले शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट नागरिकलाई बचाउन जिल्लामा रहेको विपद् व्यवस्थापन कोषबाट खर्च गर्ने गरी विभिन्न जिल्लालाई अख्तियारी दिएको छ ।

गृहमन्त्री बालकृष्ण खाँणले शुक्रवार मन्त्रीस्तरीय निर्णयबाट शीतलहर, हिमपात तथा अत्यधिक चिसो हुने २० जिल्लालाई तीन तहमा विभाजित गरी सोही अनुरुप वितरण गर्ने अख्तियारी प्रदान गरेका हुन् ।

मन्त्रिपरिषद्बाट शीतलहर, हिमपात तथा अत्यधिक चिसोबाट हुनसक्ने जोखिम एवम् सम्भावित जनधनको क्षति न्यूनीकरणका लागि पूर्वतयारी एवम् प्रतिकार्य सम्बन्धमा भएको निर्णय कार्यान्वयन गर्न गृहमन्त्री खाँणले सो निर्णय गरेका हुन् ।

हिमाली जिल्ला ताप्लेजुङ, सोलुखुम्बू, संखुवासभा, दोलखा, सिन्धुपाल्चोक, रामेछाप, रसुवा, धादिङ, मुस्ताङ, गोरखा, रुकुम पूर्व, हुम्ला, जुम्ला, मुगू, डोल्पा, कालीकोट, बझाङ, बाजुरा र दार्चुलालाई रु. चार लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ ।

त्यसैगरी बढी प्रभावित हुनसक्ने तराईका जिल्ला सप्तरी, सिराहा, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट, नवलपरासी पश्चिम, रुपन्देही र कपिलबस्तुलाई रु. १२ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ । त्यस्तै नवलपरासी पूर्व, दाङ, बाँके, बर्दिया र कञ्चनपुरलाई रु. आठ लाखका दरले खर्च गर्ने अख्तियारी दिइएको छ । कोषमा रकम अपुग भएमा माग गरी नेपाल सरकारको स्वीकृत मापदण्ड बमोजिम तोकिएको सीमाभित्र खर्च गर्न पनि निर्देशन दिइएको छ ।

तराईमा शीतलहर र हिमाल तथा पहाडमा अत्यधिक चिसो शुरु हुन लागेपछि सरकारले पूर्वतयारीस्वरुप यस्तो निर्णय गरेको मन्त्रालयले जनाएको छ । यसअघि साउन २०मा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समिति बैठकले 'विपद् व्यवस्थापन कोष सञ्चालन कार्यविधि, २०७९ स्वीकृत' गरेको थियो । सोही कार्यविधि अनुसार चिसोबाट बचाउन जिल्लालाई रकम खर्च गर्ने अख्तियारी दिइएको हो ।

### सहाराको प्रतिवेदन सार्वजनिक

## २०८०मा वासलात एक खर्बको बनाइने

**झापा, पुस ८।** विश्वबजारमा परेको आर्थिकमन्दी र बैंक तथा वित्तीय संस्थाहरुमा तरलता अभाव कायमै रहेको अवस्थामा पनि सहारा नेपालले आफ्ना सदस्यको बचतको पूर्ण सुरक्षा प्रदान गर्दै सहज रुपमा ऋण लगानी गर्दै आएको जनाएको छ ।

संस्थाले आफ्नो वित्तीय अवस्थालाई अझ बलियो बनाउने लक्ष्य अनुरुप 'मिसन २०८०' रणनीतिक योजना निर्माण गर्दै एक खर्बको वासलात बनाउने जनाएको छ । संस्थाको २६औं वार्षिक साधारणसभाको अवसरमा शुक्रवार वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै संस्थाका प्रमुख कार्यकारी निर्देशक महेन्द्रकुमार गिरीले सहकारीका ७९ वटा सेवा केन्द्रमा एक लाख ९७ हजार ७८ जना शेयर सदस्य पुगेको बताए ।

सहारा नेपाल सहकारी संस्था पूँजी, सदस्य



संख्या, सदस्य संरक्षण र समुदायतर्फको चासो लगायतको हिसाबले मुलुककै सबैभन्दा ठूलो र उत्कृष्ट सहकारी संस्था भएको गिरीले बताएका छन् । सहकारीले आर्थिक वर्ष २०७८/०७९मा ४९ करोड ७७ लाख रुपैयाँ नाफा गरेको प्रस्तुत प्रतिवेदनमा उल्लेख छ । यसबाट सदस्यलाई लाभांश र संरक्षित पूँजी फिर्ता कोषबाट ३० करोड १५ लाख वितरण गरिने संस्थाका कार्यकारी निर्देशक गिरीले बताए । संस्थाको शेयर पुँजी १ अर्ब ६३ करोड १६ लाख रुपैयाँ रहेको र जगेडा कोष १ अर्ब ११ करोड ११ लाख रुपैयाँको रहेको

*(बाँकी अन्तिम पृष्ठमा)*

## कागजपत्र नभएको मोटसाइकलसहित दुई जना पक्राउ

**भोजपुर, पुस ८।** भोजपुर नगरपालिका-३ बलौटेबाट कागजपत्र नभएको मे८प ७७७८ नम्बरको मोटरसाइकलसहित सोही ठाउँ बस्ने २७ वर्षीय आकाश राई समेत दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

उक्त स्थानमा चेकजाँचमा खटिएको प्रहरीले जाँच गर्ने क्रममा मोटरसाइकलको कागजपत्र नभएपछि नियन्त्रणमा लिएर सोधपुक्ष गर्दा उक्त मोटरसाइकल सोही ठाउँस्थितमा हलेसी अटो पार्ट्स एण्ड वर्कसपको सञ्चालक सोही ठाउँ बस्ने २८ वर्षीय बिजय राईबाट किनेको खुल्न आएपछि बिजय समेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ । उनीहरू उपर सात दिन म्याद थप गरी प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

## इलाममा एचआइभी सङ्क्रमितको संख्या ७५ जना

**इलाम, पुस ८।** इलाममा दुई बच्चासहित एचआइभी सङ्क्रमितको संख्या ७५ पुगेको छ ।

गत वर्षभन्दा यस वर्ष १३ सङ्क्रमित थप भएको इलाम नगरपालिका-७को कार्यालयले आयोजना गरेको एक कार्यक्रममा लवकुश आश्रमकी अध्यक्ष रञ्जु शर्माले जानकारी दिइन् । जिल्लाको हकमा होटल व्यवसायमा काम गर्ने एक व्यक्तिका साथै लागूपदार्थ प्रयोगकर्ताहरुमा एचआइभी फैलिएको पाइएको छ ।

रोजगारीकै शिलशिलामा जिल्लामा एचआइभी सङ्क्रमित वृद्धि भएको उल्लेख गर्दै उनले कन्यामस्थित एक होटलमा एचआइभी सङ्क्रमित कार्यरत भएको पाइएको र उनको उद्धारसमेत गरिएको बताइएको छ । सङ्क्रमितलाई एचआइभीको आशङ्का भएमा परीक्षण गराउन फूलगाछीस्थित उक्त आश्रममा सम्पर्क गर्न आग्रह गरिएको छ । विगत ३३ वर्षदेखि शर्मा आफै एचआइभीसँग बाँचिरहेकी अभियन्ता हुन् । उक्त वडाकार्यालयले एचआइभीसँग जीवन बिताइरहेकाहरुलाई सहयोग गर्न र समुदायमा सचेतना फैलाउने उद्देश्यले सो कार्यक्रम आयोजना गरेको हो । उक्त वडामा मात्र छ जनाले नियमित औषधि प्रयोग गरिरहेको जनाइएको छ । जिल्लाका एचआइभीसँग बाँचिरहेका मानिस इलाम बाहेक, झापा, धरान, काठमाडौँ तथा भारतका अन्य शहरबाट औषधि लिने भएकोले जिल्लाको सही तथ्याङ्क आउन नसक्ने अध्यक्ष शर्माको भनाइ थियो ।

नियमित औषधि प्रयोग गर्ने सङ्क्रमित इलाम, पाँचथर र ताप्लेजुङका छन् । इलामकै मात्र औषधि प्रयोगकर्ताको संख्या भने ३५ जना छन् । वडाध्यक्ष नरेश श्रेष्ठले जिल्लामा एचआइभीको वर्तमान अवस्था बुझ्दै भावी दिनमा वडाले एचआइभी फैलिनबाट रोक्ने कार्यक्रम गर्न पूर्वतयारीको रुपमा कार्यक्रम आयोजना गरिएको बताए ।

एचआइभीको औषधि इलाम अस्पतालको एआरटीबाट नि:शुल्क उपलब्ध गराउन सहयोग गर्ने, एचआइभी भएकाको परिवारकै नि:शुल्क स्वास्थ्य बीमा गरिदिने, उनीहरुलाई पुनर्स्थापना कार्यक्रम तथा स्वरोजगार बनाउने, नियमित औषधि सेवन गर्नलाई उत्प्रेरणा गर्ने काम लवकुशले गरिरहेको छ ।

## चीनमा फैलिरहेको सबभेरियन्ट भारतमा पनि फेला पऱ्यो

**काठमाडौं, पुस ८।** चीनमा कोभिड-१९ को नयाँ लहर फैलाउने ओमिक्रोनको सबभेरियन्ट बीएफ.७ भारतमा देखा परेपछि नेपालमा समेत 'जोखिम उत्पन्न भएको' भन्दै सरकारले सजग गराएको छ ।

भारतले कोरोनाभाइरसका नयाँ सङ्क्रमितहरूबाट सबै नमूनाको जीनम सीक्वन्सिङ गर्न निर्देशन दिएको छ । भारतमा क्रिस्मस र नयाँ वर्षका बेला सङ्क्रमण फैलिन सक्ने भन्दै केन्द्रीय सरकारले राज्य सरकारहरूलाई कोभिड नियन्त्रण गर्न उपयुक्त कदम चाल्न निर्देशन दिएको छ ।

नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ताले यतिखेर आफ्नो जोड कोभिडको बूस्टर अर्थात् अतिरिक्त मात्रा लिने मानिसको संख्या बढाउनेमा रहेको बताएका छन् । पूर्ण मात्रा लिनेको संख्या कूल जनसंख्यामा ८२ % जति हुनु नेपालको राम्रो पक्ष हो । तर, बुस्टर खोप भने कम छ, ३८



% जतिले मात्र लिएका छन्- मन्त्रालयका प्रवक्ता डा. सञ्जयकुमार ठाकुर भन्छन् । बूस्टर डोज नलिँदा जोखिम बढ्ने सम्भावना हुन्छ । पूर्ण मात्रा खोप लिनेहरूमा १२ देखि १८ महिना एन्टिबडी ( रोगप्रतिरोध क्षमता प्रदान गर्ने तत्व) कायम रहने भनिँदै आएको छ ।

सरकारको कोभिड खोप कार्यक्रम कायमै रहेको बताउँदै उनले जनस्तरबाट हुने मागका आधारमा आवश्यक खोपको आपूर्ति बढाउँदै लगिने बताए । यद्यपि पछिल्लो समय खोप लिने क्रम निकै सुस्त देखिएको उनी बताउँछन् ।

**नेपालमा बीएफ.७ 'भेटिएको छैन'**

विगत एक महिनामा देशभरिबाट सङ्कलन गरिएका कोभिड सङ्क्रमितका जीन सीक्वन्सिङ गर्दा नेपालमा भने चीनमा धेरै फैलिएको सबभेरिअन्ट बीएफ.७ पुष्टि नभएको मन्त्रालयले जनाएको छ ।

प्रवक्ता डा. ठाकुर चिन्तित हुनुपर्ने नभई पूर्वसावधानीका पुरानै उपायहरू पालना गर्नुपर्ने बताउँछन् । जुनसुकै फरक स्वरूपमा आए पनि कोभिड सर्ने तरिका र यसका लक्षण धेरैजसो एकै हुन्, बच्ने तरिकाहरू समेत एकै हुन्- डा ठाकुर भन्छन् । अहिले गर्ने सबैभन्दा महत्वपूर्ण भनेको बूस्टर खोप लगाउनु, सामाजिक दूरी, निस्सङ्क्रमणका उपाय अपनाउनु नै हो । बुस्टर लगाएको पनि धेरै समय भएको भए मास्क नछुटाउनु राम्रो हुन्छ ।

बुस्टर खोप लगाउनेको संख्या ७०-८० प्रतिशत पुऱ्याउन सक्दाको अवस्था सहज हुने भन्दै उनले आफूहरूले त्यसतर्फ सोचिरहेको दाबी गरे । नेपालमा पुस ८ को नयाँ तथ्याङ्क अनुसार केवल १५ जनामा सक्रिय कोभिड छ । बिहीवार मन्त्रालयले प्रकाशित गरेको विवरण अनुसार २४ घण्टाको अवधिमा झण्डै १,२०० जनाको कोभिड परीक्षण भएको थियो। तीमध्ये केवल एक जनामा मात्र सङ्क्रमण पुष्टि भएको थियो ।

**अन्यत्र कस्तो चासो र सतर्कता ?**

विश्व स्वास्थ्य सङ्गठन डब्ल्यूएचओका प्रमुखले चीनमा विकसित भइरहेको अवस्थाप्रति आफ्नो उच्च चासो रहेको बताएका थिए । डा. टेड्रोस

*(बाँकी अन्तिम पृष्ठमा)*

## पायल्स फिसर, फिस्टुला र ग्याष्ट्रिकको नि:शुल्क जाँच

**नि:शुल्क जाँच, नि:शुल्क जाँच** काठमाडौंका **एमडी डाक्टर निलकण्ठ उपाध्यय** यही पुस ९ गते शनिवार पायल्स फिसर, फिस्टुला ग्याष्ट्रिक लगायत सम्पूर्ण दीर्घकालीन रोग साथै **डाक्टर भगवान शाह**द्वारा हाडजोर्नी नशा प्यारालाइसिसको जाँच तथा परामर्श स्थान ।

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर अष्टङ्ग आयुर्वेद फार्मेसी,** राजगढ बस स्टेण्ड दक्षिण, बिर्तामोड

फोन नं. ०२३-५३२३६६, ५९०१६६, ९८०६०००३१३

*फोनबाट पनि नाम टिपाउन सकिनेछ ।*

# बिर्तामोड उद्योग वाणिज्य संघद्वारा राजश्वका पदाधिकारीहरुसँग अन्तरक्रिया



**बिर्तामोड, पुस ८।** आर्थिक तरलता बढिरहेका बेला अर्थतन्त्रलाई चलायमान बनाउँदै व्यवसायलाई प्रवर्द्धन गर्ने उद्देश्यले बिर्तामोड उद्योग वाणिज्य संघले राजश्वका पदाधिकारीहरुसंग अन्तरक्रिया गरेको छ ।

शुक्रबार बिर्तामोडस्थित वाणिज्य संघको सभाहलमा भएको कार्यक्रममा अर्थ मन्त्रालयका राजश्व सचिव रामेश्वर दंगाल, आन्तरिक राजश्व विभागका महानिर्देशक दीर्घराज मैनाली, राजश्व अनुसन्धान विभागका महानिर्देशक मदन दहाल, मेची भन्सार प्रमुख रामप्रसाद पाठक, आन्तरिक राजश्व कार्यालय भद्रपुरका प्रमुख शुभप्रसाद रिजालसँग बिर्तामोड उद्योग वाणिज्य संघले अन्तरक्रिया गरेको हो ।

कार्यक्रममा प्रमुख अतिथि समेत रहेका अर्थमन्त्रालयका राजश्व सचिव दंगालले अर्थतन्त्रलाई चलायमान बनाउन नीजि क्षेत्रका व्यवसायीको महत्वपूर्ण भूमिका रहेकाले नीतिगत सुधार गर्दै कानून निर्माण गर्नुपर्नेमा जोड दिए । उनले नेपालमा सेवासुविधा लिने तर, किनमेल चाहिँ विदेशी मुलकमा गर्ने प्रवृत्तिका कारण पनि अर्थतन्त्रमा ह्रास आउनुको एउटा कारण भएको दंगालले बताए ।

अन्तरक्रिया कार्यक्रममा बोल्दै आन्तरिक राजश्व विभागका महानिर्देशक मैनालीले अवैध व्यापार गर्नेहरुलाई ब्यवसायीहरुले नै प्रतिबन्ध लगाउनुपर्नेमा जोड दिए । व्यवसायीहरुले ब्यवसायीक कारोबार गर्दा बिलबिजकलाई अनिवार्य गर्नुपर्ने मैनालीको भनाइ छ । राजश्व अनुसन्धान विभागका महानिर्देशक दाहालले अवैध व्यापार गर्नेको सुचना दिने असल व्यवसायीको दायित्व भएको उल्लेख गरे । उनले अबैध कारोबार भएको जानकारी पाए आफूलाई सम्पर्क गर्न व्यवसायीसंग आग्रह गरे ।

कार्यक्रममा व्यवसायी प्रतिनिधिहरुले आफूहरुले गर्ने व्यवसायलाई प्रर्वद्धन गनका लागि आवश्यक पर्ने सवारी अन्य मुलुकबाट सहुलियत दरमा किन्न पाउनुपर्ने भन्दै बैंकको चर्को व्याजदरका कारण व्यवसायी मारमा परेको भन्दै उक्त समस्या समाधानका लागि पहल गरिदिन उनीहरुले आग्रह गरे ।

बिर्तामोड उद्योग वाणिज्य संघका कार्यबाहक अध्यक्ष राजु न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य उमेश डालमिया, नेपाल उद्योग वाणिज्य महासंघ प्रदेश-१का अध्यक्ष टीकाराज ढकाल, उद्योग परिषद् प्रदेश १का सल्लाहकार मिनप्रकाश मैनाली, चेम्बर अफ कमर्शका झापा अध्यक्ष ओमकृष्ण विमली, बिर्तामोड उद्योग वाणिज्य संघकी सहकोषाध्यक्ष राधिका चुडाल (हुमागाँई), महिला उद्यमी समूहकी अध्यक्ष तिलोत्तमा खत्री, पूर्वाञ्चल प्लाइउडका महासचिव दुर्गा भण्डारी लगायतले उद्योग तथा व्यवसायीले भोग्नुपरेको समस्याका बारेमा आ-आफ्नो धारणा राखेका थिए । कार्यक्रमको सञ्चालन महासचिव अर्जुनकुमार मैनालीले गरेका थिए ।

# वन व्यवस्थापनमा मुख्य चुनौति डढेलो

**मोरङ, पुस ८।** मोरङको कूल क्षेत्रफल एक लाख ८५ हजार छ सय हेक्टर छ ।

यसभित्र एक सय ३४ सामुदायिक, चार साझेदारी, दुई कबुलियती, १२ धार्मिक तथा सरकारद्वारा व्यवस्थित गरी ४६ हजार आठ सय पाँच हेक्टर क्षेत्र वन रहेको छ । तर, वन व्यवस्थापनका लागि भने डढेलो मुख्य चुनौतिको रूपमा रहेको छ ।

मोरङमा वन क्षेत्र सुदृढ हुँदा जैविक विविधतामा सुधार आएको भए पनि डढेलोले वन व्यवस्थापनमा बाधा पुर्‍याउने गरेको छ । डढेलोलाई वन विनासको मुख्य कारण मानिन्छ । दाउरा निकाल्न सजिलो हुने भनेर वनमा आगो लगाउने गरेको पाइएको छ । विराटनगर-३ स्थित डिभिजन वन कार्यालयका अनुसार मोरङमा बर्सेनि औसत एक सय ५० देखि चार सय हेक्टर वन क्षेत्रमा डढेलो लाग्ने गरेको छ ।

वन व्यवस्थापन दिगो, छरितो र उत्कृष्ट भए पनि वन क्षेत्रमा लाग्ने डढेलोले बेलाबेलामा चिन्ता बढाउने गरेको छ । डढेलोले सङ्कटापन्न जीवजन्तुदेखि बहुमूल्य रूख बिरुवामा क्षति पुर्‍याउने गरेको सहायक वन अधिकृत एवम् सूचना अधिकारी रामलखन ठाकुर बताउँछन् ।

कार्यालयले वनमा लाग्ने डढेलो नियन्त्रणका लागि सचेतना कार्यक्रमदेखि सञ्जाल गठनसम्मको काम गर्दै आएको छ- उनले भने । उनले स्थानीय वन उपभोक्ता समूहका प्रतिनिधि, सुरक्षा निकाय, वन सुरक्षा निकाय र डिभिजन वन कार्यालयको कर्मचारी सम्मिलित वन डढेलो नियन्त्रण सञ्जाल गठन गरिएको बताए । सञ्जालले वन क्षेत्रमा लागेको डढेलो निभाउनेदेखि आगलागीबारे जनचेतना फैलाउनेसम्मको कार्य गर्दैआएको ठाकुरले बताए ।

कार्यालयले डढेलो नियन्त्रणका लागि वन क्षेत्रमा पतझर सोहरेर अग्नि रेखाको सरसफाइ, वन क्षेत्रमा नियन्त्रित आगो लगाउने कार्य गर्दै आएको छ । साथै वनमा आगलागी भइहाल्यो भने तत्कालै निभाउनका लागि वन क्षेत्र नजिक तीन वटा पानी ढुवानीका लागि ट्याङ्कर तयारी अवस्थामा राखिएको छ ।

डिभिजन वन कार्यालयका वन अधिकृत अनिरुद्धकुमार साहले सीमित स्रोतसाधनका बाबजुत मोरङमा डढेलो नियन्त्रणको सवालमा उल्लेखनीय प्रगति भएको दाबी गरे । उनले मोरङको वन क्षेत्रमा डढेलो नियन्त्रणका लागि आवश्यक प्राविधिक र जनशक्तिलाई तालिम र उपकरणसहित चौबिसै घण्टा परिचालन गर्ने गरी तयारी अवस्थामा राखिएको बताए ।

**चिसोले बढायो वायु प्रदूषणको जोखिम**

पुसको चिसो बढेसँगै विराटनगर नगर क्षेत्रभित्र वायु प्रदूषणको जोखिम बढेको छ । चिसो बढेपछि नगर क्षेत्रका अधिकांश खुल्ला ठाउँमा आगो बालेर ताप्ने क्रम बढेको छ । आगो बाल्न काठ दाउराबाहेक गोबरको गुइँठा, कागज, प्लाष्टिक, रुवाको प्रयोग गर्ने पाइएको छ ।

काठ दाउरादेखि प्लाष्टिकसम्मको प्रयोग गरी आगो बाल्दा निस्कने धुँवाले नगर क्षेत्रको वायु प्रदूषण ह्वात्तै बढेको छ । विराटनगर महानगरपालिका अन्तर्गतको वातावरण शाखाकी इञ्जिनियर सुदिक्षा कार्कीले सर्वसाधारणले आगो बाल्न दाउराको मात्र प्रयोग नगरेर कागज, प्लाष्टिकजस्ता पदार्थको प्रयोग गर्दा त्यसबाट निस्किने धुँवाले वातावरणमा प्रदूषण फैलिएको बताए । उनले बढ्दो जनघनत्वका कारण नगर क्षेत्रमा सवारी साधनको चाप उल्लेख्य रूपमा बढेको उल्लेख गर्दै वातावरणलाई स्वच्छ राख्न विद्युतीय सवारी साधन प्रयोगमा जोड दिनुपर्ने बताए ।

कार्कीले विराटनगरको वायु प्रदूषण बढ्न नदिनका लागि वृक्षरोपणका कार्यक्रमदेखि सचेतना फैलाउनेसम्मको काम निरन्तर गरिँदै आएको बताए । आगो बालेर ताप्नुभन्दा न्यानो कपडा लगाउनेतर्फ ध्यान दिनुपर्छ- उनले भने । चिसोमा प्रदूषणबाट बच्न अनावश्यक घरबाट बाहिर ननिस्कन, धुलो धुँवा उड्ने खालको निर्माण व्यवसाय सञ्चालन नगर्न, खुल्लामा आगो नताप्न, फोहर वस्तु नजलाउनेसमेत कार्कीले सुझाव दिए ।

## मानव बेचबिखनमा संलग्न अभियोगमा दुई जना पक्राउ

**काठमाडौं, पुस ८।** नेपाल प्रहरीले मानव बेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा दुई चिनियाँ नागरिकलाई प्रक्राउ गरेको छ ।

प्रहरीले मानवबेचबिखन तथा ओसारपसारमा संलग्न रहेको अभियोगमा काठमाडौं ठमेल बस्ने चिनियाँ नागरिकद्वय ३० वर्षीय चेन याङ र ३३ वर्षीय रूआन चाओहोङलाई शुक्रवार पक्राउ गरिएको जानकारी दिएको छ । उनीहरुले तीन जना नेपाली नागरिकलाई फ्रि भिसा र फ्रि टिकटमा लाओस्मा अनलाइन सेल्स मार्केटिङको काममा लगाइदिने र मासिक एक हजारदेखि एक हजार पाँच सय डलरसम्मको कमाइ हुन्छ भन्दै प्रलोभनमा पारी गत भदौ १७ मा काठमाडौँबाट भारत, थाइल्याण्ड हुँदै लाओस् पुर्‍याएका थिए ।

त्यहाँ पुर्‍याएपछि बिट क्वाइनमा ईन्भेष्ट गराउने लगायतका गैरकानूनी काम लगाउनुको साथै दुई महिना काम लगाइ पीडितहरूबाट उल्टै तीन लाख ९० हजार रकम समेत लिई लाओस्मा मानसिक यातना दिएको अवस्थामा आफन्तको सहयोगमा गतकात्तिक २५ गते उनीहरू नेपाल फर्किएका थिए ।

उक्त कार्यमा संलग्नमध्ये एक जनालाई काठमाडौं ठमेल र एक जनालाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट मानव बेचबिखन अनुसन्धान व्यूरोको प्रहरीले पक्राउ गरेको हो । निजहरूलाई काठमाडौं जिल्ला अदालतको आदेशले पुर्पक्षका लागि थुनामा राख्न कारगार कार्यालय जगन्नाथदेवल सुनधारामा चलान गरिएको छ ।

## ९२७ जना ग्राहकको विद्युत् लाइन काटियो

**झापा, पुस ८।** नेपाल विद्युत् प्राधिकरण अनारमनी बितरण केन्द्रले समयमा विद्युत् महशुल नतिर्ने ९ सय २७ जना ग्राहकको विद्युत् लाइन काटेको छ ।

प्राधिकरणका प्रमुख इञ्जिनियर सुधिरकुमार रायका अनुसार चालू आर्थिक वर्षको मंसीर मसान्तसम्ममा विद्युत महशुल नतिर्ने ग्राहकको लाइन काटिएको हो । लाइन काटिएका मध्ये ५ सय २८ जनाले बक्यौता रकम चुक्ता गर्दै विद्युत् लाइन सुचारु गरेको कार्यालयका प्रमुख इञ्जिनियर रायले बताए । बिद्युत् लाइन काटिएका ग्राहकमध्येबाट दुई करोड ४८ लाख ७५ हजार तीन सय ६८ रुपैयाँ बक्यौता असुल गर्नुपर्नेमा दुई करोड ५२ लाख ४४ हजार ५ सय २८ रुपैयाँ राजश्व संकलन भएको बताइएको छ ।

अघिल्लो आर्थिक वर्ष १ हजार दुई सय ६६ जनाको विद्युत् लाइन काटिएको थियो । जसबाट ५ करोड २१ लाख ६० हजार रुपैयाँ असुल गर्नुपर्नेमा एक हजार १ सय ६६ जनाले बक्यौता रकम तिर्दै विद्युत् सुचारु गर्दा ४ करोड ११ लाख ९४ हजार राजश्व संकलन भएको कार्यालय प्रमुख रायको भनाइ छ । अनारमनी बितरण केन्द्र अन्तर्गत ८५ हजार ५ सय ग्राहक संख्या रहेको नेपाल विद्युत् प्राधिकरण अनारमनी बितरण केन्द्रले जनाएको छ ।

## विमानस्थलबाट साढे १९ केजी सुन बरामद

***काठमाडौं, पुस ८।*** *त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट साढे १९ केजी अवैध सुन बरामद भएको छ ।*

*फ्लाई दुबईको जहाजबाट आएका सुडानी नागरिकको साथबाट उक्त परिमाणको सुन बरामद भएको हो । त्रिभुवन विमानस्थल प्रहरीका अनुसार उक्त सुन भन्सार चेकजाँचका क्रममा बरामद भएको हो । यो सबै सुन झोलमा परिणत गरेर खाडी हुँदै जहाजबाट नेपाल छिराएको खुलेको छ । प्रहरी र विमानस्थल भन्सारले यसबारे विस्तृत विवरण सार्वजनिक गरिसकेका छैनन् ।*

# 'तिम्रो मेरो साथ' रिलिज हुँदै

नेपाली फिल्ममा संख्यात्मकरूपमा थोरै फिल्ममा अभिनय गरे तापनि स्थापित भएकी अभिनेत्री हुन् सम्राज्ञी राज्यलक्ष्मी शाह ।

'ड्रिम्स' मार्फत डेब्यु गर्दा नै फरक देखिएपश्चात उनको डिमाण्ड फिल्ममा बढ्दै गयो । यिनै अभिनेत्री शाह पछिल्लो समय अभिनेता पुष्प खड्कासँग देखिरहेका छन् । उनी दुईले मङ्गलम, मारुनीपश्चात अभिनय गरेको तेस्रो फिल्म 'तिम्रो मेरो साथ' पुस २९ मा रिलिज हुँदैछ ।

अभिनेत्री शाहले अतिथि भूमिकामा अभिनय गर्नुभएको पहिलो फिल्ममा काम गर्दा उनीहरूको चिनजान नै थिएन ।

फिल्मको ट्रेलर सार्वजनिक गर्न आयोजना गरिएको पत्रकार सम्मेलनमा पुष्पले भने- हाम्रो भेट नै दोस्रो फिल्मका लागि भएको थियो । उनको कामप्रतिको लगाव तारिफयोग्य छ । हामी मिल्ने साथी बनिसकेका छौँ । तेस्रो फिल्ममा काम गर्दा झनै एकअर्कालाई बुझ्न पाएको उनले बताए ।

फिल्मनगरीसँग घुलमिल नभएकी अभिनेत्री शाहले पनि अभिनेता खड्कासँग काम गर्न पाउँदा 'कम्फर्ट फिल' हुने बताइन् । हामीले काम गर्ने शैली बुझिसकेका छौँ, त्यसैले तेस्रो सहकार्यमा झनै सजिलो भयो- अभिनेत्री शाहले भनिन्- मैले आफू सुहाउँदो भूमिकाभन्दा बाहिर निस्केर काम गर्ने कोशिस गरिरहेकी छु । क्यारेक्टरमा आफूलाई देखेपछि अभिनय गर्न तयार हुन्छु ।

पत्रकार सम्मेलनमा उनीहरुलाई अभिनय गराउनुका कारण सुहाउँदो केमेष्ट्री रहेको निर्देशक रमेश एमके पौडेलले बताए । उनीहरूको फिल्म दर्शकले प्रतीक्षा गरिरहनुभएको जस्तो लाग्छ ।

मैले तयार गरेको कथामा समेत उहाँहरु फिट हुनुभयो- निर्देशक पौडेलले भने- बाहिर जे-जस्तो हल्ला सुनिएता पनि अभिनेत्री शाहसँग काम गर्न निकै सहज र सरल भयो । फिल्ममा सन्दीप क्षेत्री, सरोज खनाल, खड्कबहादुर पुन, दिपिशा केसीलगायतका कलाकारको अभिनय छ । सवीर श्रेष्ठ र बाबुराम निरौलाको लेखन रहेको फिल्ममा शिव ढकालको छायाङ्कन, सुवास भुसाल/योगेश काजीको सङ्गीत, रामजी लामिछानेको कोरियोग्राफी र भूपेन्द्र अधिकारीको सम्पादन रहेको छ ।

### चीनमा ...

एड्हानोम गेब्रेयससले कोभिडबाट मुक्त हुने रणनीति भनेको खोप मात्र हुने बताएका थिए ।

नेपालको दक्षिणी छिमेकी भारतमा समेत बिहीवारको एउटा बैठकमा प्रधानमन्त्री नरेन्द्र मोदीले राज्य सरकारहरूलाई अक्सिजनका सिलिन्डर र भेन्टिलेटरसहितका अस्पतालका पूर्वाधार तयारी अवस्थामा राख्न निर्देशन दिएका थिए । उनले आत्तिनुपर्ने कुनै कारण नभएको भन्दै सतर्कता अपनाउन नागरिकहरूलाई आग्रह गरेका थिए । भारतका गुजरातमा तीनवटा र उडिसामा एउटा नमूनामा बीएफ.७ नामको ओमिक्रोन सबभेरियन्ट जुलाई र नोभेम्बरको बीचमा देखा परेको थियो । ती सबै सङ्क्रमितहरू भाइरसमुक्त भइसकेको त्यहाँका स्वास्थ्य अधिकारीहरूले बताएका छन् । वीवीसी


## हार्दिक निमन्त्रणा

**नेपाल रेडक्रस सोसाइटी बिर्तामोड उपशाखाको तेस्रो वार्षिक साधारणसभा आगामी पुस १३ गते बुधवारका दिन हुने भएकाले नेपाल रेडक्रस सोसाइटीका यसस्कर सदस्य, विशिष्ठ तथा आजीवन सदस्य सहित साधारण सदस्यहरुमा पत्रचार गरिएको छ । यदि कुनै कारणवस पत्र प्राप्त नभए यसै सूचनालाई आधारमानी साधारणसभामा उपस्थित भई कार्यक्रमलाई सफल बनाइदिन हुन हार्दिक अनुरोध गर्दछौं ।**

**मिति : २०७९ साल पुस १३ गते बुधवार । समय : विहान ११ वजेदेखि**
**स्थान : हिमाल सागर पार्टी प्यालेस, बिर्तामोड**

**सजेश शिवाकोटी** — अध्यक्ष
**मनोज अग्रवाल** — सचिव

**नेपाल रेडक्रस सोसाइटी उपशाखा बिर्तामोड, झापा**


### नेपाल ...

कार्यक्रम चलाइनेछ । त्यस्तै २०२७ मा लुम्बिनी प्रदेशमा बुद्धिष्ट पर्यटन प्रवर्द्धन, सन् २०२८मा मधेश पर्यटन, सन् २०२९ मा सुदूरपश्चिम प्रदेशमा अभियान चलाइने छ । त्यस्तै सन् २०३० मा प्रदेश नं १ मा प्रवर्द्धन अभियान चलाइनेछ । सन् २०३१ मा कर्णाली प्रदेशमा पर्यटन प्रवर्द्धन केन्द्रीत गरिनेछ । सन् २०३२ मा राष्ट्रिय अभियान चलाइने कार्ययोजनामा उल्लेख छ ।

रणनीतिक कार्ययोजनाको रूपरेखा तयार गर्न गठित कार्यदलले आफ्नो प्रतिवेदन बिहीबार पर्यटनमन्त्री श्रेष्ठलाई बुझाएको थियो । नेपाल पर्यटन दशकको रणनीतिक कार्ययोजना तयार गर्न पर्यटन विज्ञ प्रचण्डमान श्रेष्ठको संयोजकत्वमा पाँच सदस्यीय कार्यदल गठन गरिएको थियो ।

कार्ययोजनामा नेपालमा सबै मौसम र वर्षैभरि पर्यटन प्रवर्द्धन गर्ने लक्ष्यका साथ आगामी १० वर्षसम्म हरेक वर्ष सम्पन्न गरिने भनिएको छ । नेपालको भौगोलिक, प्राकृतिक, वातावरणीय, सामाजिक, सांस्कृतिक, धार्मिक विविधतालाई पर्यटन क्षेत्रसँग आबद्ध गर्ने, पर्यटकीय सम्भाव्यताको आधारमा विशेष पर्यटकीय क्षेत्र घोषणा गरी त्यस्ता क्षेत्रमा बहुपक्षीय पूर्वाधारको विकास गर्ने कार्ययोजनामा उल्लेख छ । पर्यटकको आगमनलाई अभिवृद्धि गर्न हवाई सेवालाई थप व्यवस्थित, नियमित र गुणस्तरीय बनाउँदै अन्य मुलुकका वायुयानसँगको अन्तरसञ्जालमा आबद्ध गर्ने कार्ययोजनामा समेटिएको छ ।

पर्यटन प्रवर्द्धन र क्षेत्रको विकास गर्न सार्वजनिक, निजी तथा सामुदायिक क्षेत्रको सहकार्य एवम् साझेदारीमा वृद्धि गर्ने, आन्तरिक, क्षेत्रीय एवम् विश्व पर्यटन बजारमा नेपालका पर्यटकीयस्थलको प्रभावकारी बजारीकरणका लागि प्रवर्द्धनात्मक कार्यक्रम चलाउने कार्ययोजनामा उल्लेख छ ।

### २०८०मा ...

पत्रकार सम्मेलनमा जानकारी दिइयो ।

संस्थाको २०७९ असार मसान्तसम्मको वासलात १५ अर्ब ३८ करोड रुपैयाँ पुगेको बताइएको छ । त्यस्तै अन्य कोष ४४ करोड ७१ लाख, बचत ९ अर्ब २५ करोड ३६ लाख, लगानीमा रहेको ऋण १३ अर्ब, भौतिक सम्पत्ति ४१ करोड १६ लाख र बाह्य ऋण १ अर्ब ७२ करोड रहेको गिरीले जानकारी दिए । संस्थाले चालू आर्थिक वर्षभित्र ८९ सेवा केन्द्र, १ लाख ७५ हजार सदस्य र १७ अर्बको वासलात बनाउँदै ६२ करोड नाफा कमाउने प्रक्ष्येपण गरेको बताइएको छ ।

संस्थाले विगतका सदस्य केन्द्रित कार्यक्रमहरुलाई निरन्तरता दिँदै केही नयाँ कार्यक्रमहरु विश्वस्तरमा सञ्जाल निर्माण गर्ने, रोजगार शाखा स्थापना गरी रोजगारी सिर्जनामा पहल गर्ने, सामाजिक व्यवसाय सञ्चालन गर्ने र अतिविपन्न गरीबलाई माथि ल्याउन पहल गर्ने जस्ता कार्यक्रम प्रस्ताव गरेको छ ।

यस वर्ष आन्तरिक व्यवस्थापन र गुणस्तरीय सेवालाई मजबुत बनाउने हिसाबले कार्यक्रम अघि सारिएको जनाइएको छ । संस्थाले प्रविधिमैत्री सेवालाई प्राथमिकता दिँदै एटिएम, ट्याब्लेट, मोबाइल एप्स सेवा, क्यूआर कोड र एसएमएस बैंकिङ सेवा सञ्चालन गरेको संस्थाका अध्यक्ष हरिबहादुर राजवंशीले बताए । महिला उपाध्यक्ष पवित्रा सुब्बाले स्वागत गरेको कार्यक्रमको सञ्चालन उपनिर्देशक दिनेशबहादुर निरौलाले गरेका थिए ।


## बिमालेख हरायो

**बिर्तामोडबाट भद्रपुर जाने क्रममा यही मिति २०७९/०७/०१ गते मेरो निम्न व्यहोराको एशियन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।**

**नाम**:- स्मृति राई
**ठेगाना**:- महेशपुर-१, झापा
**पोलेसी नं.**:- ५९१००००६१५१
**कम्पनी नाम**: एशियन लाइफ इन्स्योरेस क.
मोवाइल नं. ९८१०३४२२१४

## बिमालेख हरायो

**झिलझिलेबाट बिर्तामोड आउने क्रममा यही मिति २०७९/०७/०१ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।**

**नाम**:- पूर्णबहादुर कार्की
**ठेगाना**:- शिवसताक्षी, झापा
**पोलेसी नं.**:- २२४००१४३२
**कम्पनी नाम**: नेपाल लाइफ इन्स्योरेन्स क.

फोन नं. ०२३-५४५३९५

## आबद्ध बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड न.पा.-५, झापाको

## १०औं वार्षिक साधारणसभामा उपस्थित भईदिने बारेको सूचना

**प्रथमपटक प्रकाशित मिति २०७९।०८।२५**
**दोस्रोपटक प्रकाशित मिति: २०७९।०९।०९**

यस संस्थाको मिति २०७९/०८/२५ गते आईतबारका दिन बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस संस्थाको दशौं वार्षिक साधारणसभा तपशिलका विषयमा छलफल तथा निर्णयका लागि सहकारी विभागको सहकारी संस्थाको साधारण सभा सञ्चालन सम्बन्धी जारी निर्देशिका बमोजिम यो साधारणसभा सम्पन्न गर्नुपर्ने भएको हुँदा तपशिलको समय र स्थानमा साधारणसभासँगै बनभोज कार्यक्रममा उपस्थितिको लागि हार्दिक अनुरोध गर्दछौं ।

**साधारणसभा हुने मिति** : २०७९/०९/११ गते सोमबार
**समय** : विहान ८:०० बजे
**स्थान** : जामुनखाडी, सिमसार तथा पर्यटकीय क्षेत्र, जामुनखाडीको सभाहल
पुनश्च : साधारणसभा स्थलसम्मको लागि गाडी को व्यवस्था भएकोले पुस ११ गते विहान ७ बजेसम्ममा ९८०१४४६४८५ र ९८०१४०९९९७मा सम्पर्क गर्नुहोला ।

**साधारणसभामा छलफल हुने विषयहरू :**

- सञ्चालक समितिको तर्फबाट आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
- आ.व. २०७८/०७९ को लेखा समितिको प्रतिवेदन उपर छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
- आ.व. २०७८/०७९ को स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने सम्बन्धमा ।
- संस्थाको आगामी आ.व. २०७९/०८० को प्रस्तावित वार्षिक नीति तथा कार्यक्रम र बजेटमाथि छलफल गरी अनुमोदन/पारित गर्ने सम्बन्धमा ।
- आ.व.२०७९/०८०का लागि लेखापरीक्षकको नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
- निर्णय पुस्तिकामा हस्ताक्षर गरी निर्णय गर्नको लागि सञ्चालक समिति र शेयर सदस्यहरुको प्रतिनिधि चयन गर्ने सम्बन्धमा ।
- कर्मचारी सेवा विनियमावली तथा सदस्य राहत कोष संशोधन सम्बन्धमा ।
- शेयर सदस्यज्यूहरुलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
- विविध ।

**नन्दमान भट्टराई (नरेश): अध्यक्ष**

www.aabaddha.coop.np

## फ्ल्याट भाडामा

बिर्तामोड नगरपालिका-५स्थित न्यूट्न्स बोर्डिङ छेउमा रहेको घरको फ्ल्याट तथा सिंगल कोठाहरु भाडामा रहेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।

नोटः उपयुक्त मूल्य पाएमा घर पनि विक्री गरिनेछ । साथै जग्गासंग सट्टापट्टा पनि गरिनेछ । मौकाको फाइदा उठाउनुहोस् ।

**मो. ९८५२६७३७६९, ९८०४९४९१५०**

## कर्मचारी आवश्यकता

बिर्तामोडमा सञ्चालित प्रतिष्ठित होटलका लागि निम्न पदहरुमा कर्मचारी आवश्यकता भएको हुँदा इच्छुकले तु सम्पर्क राख्नुहोला ।

१) मेनेजर :- १ जना
(२) मेन सेफ :- १ जना
३) असिस्टेन्ट सेफ :-१ जना
४) वेटर :- २ जना
५) वेट्रेस :- २ जना
६) रुम ब्वाइ :- २ जना
७) रिसेप्सनिष्ट :- २ जना
८) लेखापाल :- १ जना
९) स्टोर किपर :- १ जना

योग्यता : सम्बन्धित काममा दक्ष
तलब : आपसी समझदारीमा
फारम भर्ने अन्तिम मिति : २०७९ पुस १५ गतेसम्ममा

सम्पर्कः **होटल हेवन ग्रान्ड**
बिर्तामोड-५, झापा (फोन : ०२३-५४०६२५/५४०४८२)


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

कविता

## झापालाई सन्देश

रह्यो भूमि यो साथ नाता पुरानो
थियो ओत लाग्ने घडेरी र छानो
तिनै सम्झिँदा स्नेहले झुक्छ माथा
मिठो मोहनी लाउने गर्छ झापा ।

यहीँ खर्चिएँ कर्म गर्दै जवानी
बहन्छन् नशा देहमा अन्नपानी
पराई कसोरी बनूँ लौ म आज
म आएँ नि झापा ल है याद राख ।

म डुब्दा अहो ! सम्झना-भाव-गङ्गा
कयौं चल्छदन् भावनाका तरङ्ग
अचम्मै हुँदो रै'छ है ! ठाउँ-नाता
यतै डुल्छ आत्मा सधैँ स्वप्नमा ता ।

यहीं पोखिएँ ज्ञानको ज्योति बाली
मिलेथे यतै या त ताली कि गाली
तिनै बन्दछन् जीवनीका निशान
गुरू, ज्ञान भण्डार सम्मान मान ।

दिऊँ एक सन्देश मैले चिताएँ
त्यही हेतु दौडेर झापा म आएँ
न सक्ने भयो बोक्न त्यो राजधानी
छरौं काठमाडौं उठाई सुनामी ।

तिमी पूर्वकी रक्षिता देश-खम्बा
भगाऊ बढारेर छुद्री, निकम्मा
भई अग्रणी आज लौ देश हाँक
सु-सबृद्धि सर्वत्र फैलोस् सपाट ।

गज्याङ्ग्रो बनेको छ है ! काठमाडौं
रजाई गरी लुट्तछन् धूर्त चण्डू
दियालो बनी पूर्वको द्वारबाट
उज्यालो छरौं देश-सर्वत्र फाँट ।

पुऱ्याऊँ कुना कन्दरा काठमाडौं
छरौं सिंहदरवार लौ मन्त्र, भन्छु
तिमी बोक झण्डा उरालेर नारा
बदल्ने हओस् संविधानीय धारा ।

म साहित्य लेखेर कुर्ली कराऊँ
तिमी क्रान्तिज्वाला लिई भित्र आऊ
सुधारौं मिली देश यो शूत्र भन्छु
र पो हुन्छ साझा सदा काठमाडौं ।

– **पुरुषोत्तम सिग्देल**
हाल बिर्तामोड, झापा

# af]6la?jfx?n]klg c;/ dxz'; ub5g\



**भुवन तामाङ**

बोटबिरुवाहरुले पनि प्राणीले जस्तै असर महशुस गर्दछन् । पानी पाएनन् भने बोटबिरुवाहरु सुक्दछन् । पानी पाए भने प्यास मेटिएको महशुस गर्दछन् । बोट बिरुवाहरुलाई चोट पुऱ्याएमा पीडा महशुस गर्दछन् । फिलको हिसाबले बोटबिरुवाहरु पनि मानिस या अरु प्राणीहरु जस्तै हुन्छन् । बोटबिरुवाहरुले पनि दुःख-सुख महशुस गर्दछन् ।

धेरै नै वर्षअघि बेलायतमा जगदीश चन्द्र बसु नामका विज्ञ जो बोटबिरुवा सम्बन्धी निकै जानकार थिए उनलाई ज्ञानका हिसाबले आचार्य भनिन्थ्यो । उनले बोटबिरुवाहरुले पनि असर महशुस गर्दछन् भनेर सिद्ध गरिदिएका थिए । बोटबिरुवाले कसरी असर महशुस गर्दछन् त ? भनेर जिज्ञासा राख्ने धेरै वैज्ञानिक समेत बसुले गरेका प्रदर्शनमा आएका थिए । आचार्य बसुले इन्जेक्सनबाट बिरुवामा जहर घुसाएर आफ्नो प्रदर्शन देखाए । केही क्षणपश्चात नै बिरुवा ओइलायो र लत्रक्कै भयो । आचार्य बसुले बताए, बोटबिरुवा पनि हामी जस्तै दुःखदर्द महशुस गर्दछन् । यिनले पनि श्वास लिन्छन्, भोजन ग्रहण गर्दछन्, हामी जस्तै संवेदनशील हुन्छन् । बिरुवाहरुले थकान पनि महशुस गर्दछन् । उनले खासमा क्लोरोफर्म बोटबिरुवामा घुसाएका थिए । जसले गर्दा बोटबिरुवा मुर्छित भएका थिए । क्लोरोफर्मको असर हट्दै गएपछि बोटबिरुवा बिस्तारै जाग्दछन् । आचार्य बसुको त्यस प्रदर्शन पछि विज्ञानको क्षेत्रमा नयाँ क्रान्ति नै आएको थियो ।

आचार्य बसुले बोटबिरुवामा रक्सी अर्थात् मदिराको पनि प्रयोग गरेका थिए । रक्सीले बोटबिरुवा पनि मदहोश हुने कुरा पत्ता लागेको थियो । उनले गाजर र बन्दा कोपीलाई चक्कुले काट्ता डर र पीडाले कामेको समेत पत्ता लगाएका थिए । तर, यस्तो सूक्ष्म प्रतिक्रिया खास उपकरणको माध्यमले थाह पाउन सकिन्छ । बोटबिरुवाको मन हुन्छ तिनको मनको कुरा पनि थाह पाउन सकिन्छ । आचार्य बसुले केस्कोग्राफ यन्त्र आविष्कार गरे जसले बोटबिरुवाको पनि मन हुन्छ र मनको कुरा थाह पाउन पनि सकिन्छ भनेर पत्ता लगाएका थिए । त्यस यन्त्रले बोटबिरुवा एक सेकेन्डमा कति बढ्छ ? भनेर पनि जान्न सकिन्छ । बोटबिरुवा काट्ता या काटेर ढाल्दा बोटबिरुवा केही क्षण प्रतिक्रियाविहीन हुन्छन् र पछि काम्न थाल्छन् र पछि शान्त हुन्छन् अर्थात् मृत्य हुन्छ । जसरी पशुहरुलाई मासुका लागि काट्ता तिनीहरु केही क्षण प्रतिक्रियाविहीन हुन्छन् । एकछिनपश्चात निकै जोडले काम्छन् र पछि शान्त हुन्छन् अर्थात् मृत्य हुन्छ । मानिसहरुले बोटबिरुवालाई संज्ञाहीन या निष्प्राण सम्झन्थे, तर आचार्य बसुले बोटबिरुवा पनि प्राणीहरु जस्तै संवेदनशील हुन्छन् भन्ने सिद्ध गरिदिएर एक हलचल या क्रान्ति नै ल्याइदिएका थिए ।

महावैज्ञानिक अल्वर्ट आइन्स्टाईनले, आचार्य बसुको आश्चर्यजनक अनुसन्धानसँग मुग्ध भएर भनेका थिए, जगदीश बसुले जुन अमूल्य र गौरवशाली उपहार संसारलाई दिएका छन्, जसका लागि बिजय स्तम्भ स्थापित गर्नु उचित हुन्छ । प्रसिद्ध नाटककार जर्ज बर्नाड शा, लेखक रोम्याँ रोलाँले समेत आचार्य बसुले गरेका कामप्रति प्रशंसा व्यक्त गरेका थिए । बोटबिरुवाहरुबारे रहस्य खुल्दै जाने क्रममा न्यूयोर्कका बैक्सटर नामक व्यक्तिले अरु नयाँ कुरा पत्ता लगाएका थिए । बैक्सटरले पोलिग्राफ (झुठो पत्ता लगाउने) यन्त्रको आविष्कार गरेका थिए । पोलिग्राफ यन्त्र प्रयोगबाट बोटबिरुवाले तुरुन्तै गर्ने प्रतिक्रिया समेत पत्ता लगाएका थिए । बैक्सटर एकदिन दाह्री काट्तै थिए, तर ब्लेडले मुखको छाला पनि ताछिदियो । उनको प्रोलिग्राफ यन्त्र र बोटबिरुवा पनि नजिकै थिए । ब्लेडले बैक्सटरको मुखको छाता ताछिँदा बैक्सटर पीडाले चिच्याए । बोटबिरुवाले आफना मालिकलाई पीडा भएको महशुस गरे र तुरुन्त तिखो प्रतिक्रिया गरे । बोटबिरुवाको त्यस्तो प्रतिक्रिया पोलिग्राफ यन्त्रले प्रकट गरेको थियो । त्यसले मानिसलाई समेत परेको पीडाको महशुस बोटबिरुवाले गरिहाल्छन् भन्ने पत्ता लागेको थियो ।

बोटबिरुवाले को मानिस बोटबिरुवालाई माया गर्छन् र कसले हानी पुऱ्याउँछन् ? भनेर पनि महशुस गर्न सक्छन् । यदि कोही मानिस बोटबिरुवालाई काटिरहछन्, ताछिरहन्छन् या चोट पुर्‍याई रहन्छन् त्यस्ता मानिस बोटबिरुवाको नजिक आइपुग्दा बोटबिरुवाहरु डराउँछन् । तर, जो बोटबिरुवालाई माया गर्दछन् उनीहरुप्रति बोटबिरुवाहरु खुशी हुन्छन् । बैक्सटरले यी कुरा पनि पत्ता लगाएका थिए । बोटबिरुवाहरुले आफू वरिपरिको गतिबिधि राम्रोसँग महशुस गर्दछन् । बोटबिरुवाहरुले मानिसहरु या अरु कुरा चिन्न सक्छन् र याद पनि गर्न सक्दछन् । बोटबिरुवाहरुले आफ्नो पालनकर्ता, घरका मान्छे, फूललाई माया, स्याहार गर्ने र पानी दिने, हेला गर्ने, सबैलाई चिन्दछ । बोटबिरुवाहरुले आफ्ना पालनकर्तालाई माया गर्दछन् र भावानात्मक सम्बन्ध राख्दछन् ।



बैक्सटरले एक यस्तो भयानक प्रयोग गरे, तर मजाकका लागि । उनले सलाईको काँटी जलाएर बोटबिरुवातिर अघि बढे तर बोटबिरुवाले केही प्रतिक्रिया देखाएनन्, नजिकैको पोलिग्राफ यन्त्र चुपचाप बस्यो किनभने बोटबिरुवाले मानिसहरुको मानसिकता समेत महशुस गर्न सक्दछ । बोटबिरुवामा पनि अति सूक्ष्म ज्ञानेन्द्रीयहरु हुन्छन् । बोटबिरुवाले साँचो झुठो पनि पत्ता लगाउन सक्छन् । को मानिस साँचो बोल्छन् र को झुठो बोल्छन् ? पत्ता लगाउन सक्छन् । यस्तो कुरा रुसका प्रख्यात मनोवैज्ञानिक बी.एन. पुश्किनले पत्ता लगाएका थिए । बोटबिरुवाहरु संगीतप्रेमी पनि हुन्छन् । जुन बोटबिरुवाहरुको नजिक संगीत बजिरहन्छ ती बोटबिरुवाहरु चाँडै बढ्दछन् र स्वस्थ रहन्छन् । यदि धानखेती नजिक संगीत बजिरहन्छ भने त्यहाँ धान धेरै नै फल्दछन् । सुप्रसिद्ध वैज्ञानिक रैटेल लेकले एक यस्तो प्रयोग गरेकि, उनले बोटबिरुवा नजिक रक संगीत बजाए । रक संगीत सुन्ने कतिपय बोटबिरुवाका हाँगाहरु लामा लामा भएर बढे कतिपयका निकै छोटा-छोटा । रक संगीत मन पराउने बोटबिरुवाका हाँगा लामा लामा भएर बढे ।

अपारदर्शी क्यारी र पारदर्शी क्यारीमा रोपिएका बोटबिरुवाहरुमा फरकपन देख्न सकिन्छ । पारदर्शी क्यारीमा रोपिएका बोटबिरुवाहरुलाई पानी नदिए पनि अरु बोटबिरुवा जस्तै बढ्न र स्वस्थ रहन सक्छन् भन्ने पनि पत्ता लागेका छन् । यस्तो अनुसन्धान रुसका वैज्ञानिकहरुले गरेका थिए । धेरै दिनपछि घर फर्कँदा फूलहरु मुर्झाएका देखिन्छन्, तर पानी नदिए पनि र स्याहार नगरेपनि फूलहरु पुनः जाग्रित र राम्रो देखिँदै आउँछन् । किनकि घरमा मालिक आएका छन् र अब हामीलाई पानी दिन्छन्, स्याहार गर्छन् भन्ने आश गरेका हुन्छन् । तर, पानी नदिनुस् त अनि कति चाँडै फूलहरु ओइलाउने मात्र नभई मरि नै जान्छन् ।

तर, के फूल टिप्दा बोटबिरुवाहरु डराउँछन् । उक्त अध्ययनहरुबाट के भन्न सक्छौं भने यदि राम्रो कामका लागि जस्तै पूजा, सजावट या स्वागत सत्कारका लागि बोटबिरुवाबाट फूल टिपिन्छ भने फूलका बोटबिरुवाहरु डराउँदैनन् बरु रमाउँछन् । किनकि फूलहरुको उपयोग राम्रा कामका लागि हुँदैछन् भनेर फूलका बोटबिरुवाहरुले महशुस गर्दछन् । फेरि फूलहरु उसै पनि केही दिनपछि ओहिलाएर आफै बोटबाट झरेर नष्ट हुन्छन् । यस्ता कुरा फूलहरु अर्थात् बोटबिरुवाहरुलाई पनि थाह हुन्छ ।

*(पुस्तकहरु अध्ययनबाट)*

कथा/नवपुस्ता

# मिलनअघिको डिभोर्स

हरेक दिन मेरो एक्लोपनमा टिकटिक गर्दै साथ दिने घडीले रातको ३ बजेको संकेत दिइसकेको थियो । सोही बेला छिट्टो सुतेर निद्रा पूरा गर्नेहरु बिहानीको ब्रह्म मुहूर्तको समय भनेर उठिसकेका पनि हुन्थे । म भने वास्तविकतामा कहिले नभोगेको सुखद् सपनामा रमाएको भए पनि बाटोबाट आएको गाडीको आवाजसँगै ब्युँझिन पुगेछु ।

जून मान्छे र गाडीको प्रतिक्षामा म थिएँ, सो आइसकेको भए पनि ममा कुनै हर्ष थिएन । थियो त केबल, छरछिमेकीले देखेर भोलि फेरि एउटा श्रीमान् तह लगाउन किन नसकेको ? भनेर प्रश्न गर्लान् भन्ने चिन्ता, छोराछोरीले बाबाको हालत देखेपछि श्रद्धा नगर्लान् भन्ने पीर अनि ज्वाइँको व्यवहार बुझेका आफ्ना बाबाले फोन गरेर, ज्वाइँ अझै घर आउनुभएको छैन छोरी ? भनेर सोध्ने हो कि भन्ने त्रास । उसका बाबू, आमा त छोराको पुरुषार्थमा दङ्ग थिए र मैले पटक-पटक आफ्नो छोरालाई सम्झाउनभन्दा पनि उसको काम नै यस्तै भनेर टारिदिन्थे । हरेक रात सधैं जस्तो यस्तै समयमा र यो हालतमा आउनुलाई काम मान्ने हो या गलत आचरण ? बुझ्न म पनि त सक्ने थिएँ ।

निक्कै मेहेनत र समयपछि गेटबाट भित्र छिरेको गाड़ीबाट ओर्लिएको उसको एउटा हातमा आफैँले फुकालेको कोट र अर्को हातमा बज्दै गरेको मोबाइल थियो । निला ओठ र लर्बरिएको बोलीमा कसैको नाम लिइरहेको उसलाई मैले सकिनसकी भऱ्याङ चढाएर रूममा पुऱ्याएकी थिएँ । त्यसपछि उसका जुत्ता, मोजा, बेल्ट फुकालिदिनु, उसका पकेटमा भएका क्लवहरुका बिल चेक गर्नु, बेडमा सकभर सजिलोसँग आराम गराउनु अनि चुपचाप छोरीको रूममा गएर पल्टनु, भोलिपल्ट ऊ कति बेला उठ्ला भनेर घडी हेर्नु, चिया, कफी सोध्नु, खाना खुवाउनु अनि ऊ बाहिरिएसँगै एकछिन अन्य घर-व्यवहारका काम मिलाउनु मेरो विगत केही वर्षदेखिका दैनिकी भइसकेका थिए । ऊसँग घुम्नु, रमाउनु र मिठा गफहरु गर्नु मेरा सपना मात्र थिएँ भने केही घर-परिवारका कुरा थोरै गर्नू र चाडवाड, विवाह आदिमा हुने जमघटहरूमा इष्टमित्रहरुका खै ? भन्ने प्रश्नको जवाफ दिन नपर्ला भनेर करैले उसलाई लानु मेरो बाध्यता थियो ।



**प्रतिभा भट्टराई**

आज भने उसको मोबाइल फेरि पनि बजेको ले मैले फोन उठाएँ र थाह पाएँ यो अरू नै कसैको मोबाइल रहेछ । अनि उसको नम्बर डायल गर्दा स्विच अफ भएको संकेत पाएपछि मैले उसको नजिकको साथी जो उसको कामसँग जोडिएको थियो, उसलाई रातको ३.३० भएको भए पनि निक्कै आँट जम्मा गरेर कल गरेँ तर उसले फोन छिट्टै उठायो र भन्न शुरू गऱ्यो- 'भाउजू हजुरले सहने कहिलेसम्म अनि किन ? कति भनूँ म हजुरलाई रूपक मेरो कामको निक्कै मिल्ने साथी भए पनि उसको घर परिवारप्रतिको व्यवहार पटक्कै राम्रो छैन । म सम्झाउँदा, बुझाउँदा अनि देखाउँदा थाकिसकेँ, हजुर थाक्ने कहिले ?' ऊ अझै केही भन्दै थियो मेरो भने मोबाइल हातबाट खसिसकेकोले अरू कुरा सुन्न पाइन छु । निक्कै बेरपछि आफ्ना बगेका आँशुहरुले भिजेको मोबाइल उठाएँ र अन गरेँ । रूपक आउनुभन्दा दुई घण्टा अगाडि नै उसले क्लवमा देखाएका व्यवहारहरुका तस्वीर उसको साथीले मलाई पठाइसकेको रहेछ ।

ती तस्वीरहरु हेरिसकेपछि मेरा आँखाहरूले मेरो मस्त निद्रामा रहेकी प्यारी छोरीको मुहार नियाल्न पुगेछ । ऊ जन्मेदेखि नै बिग्रन थालेको हाम्रो सम्बन्धको तीतोपनमा हुर्कदै गए सँगै थोरै मिठास भर्ने काम उसैले गरेकी थिई । हर रात आफ्नो बाबुको हालत उसले नदेखेकी भए पनि आफ्नो प्यारो हुनुपर्ने अविभावकले कहिले आफ्नो ख्याल नगरेको, धेरै जसो अफिसको काम देखाई विदेशिएर, आफू र आफ्नो सानो भाइ अनि मामुलाई भन्दा विदेशमा रहेका साथी र साथीका छोराछोरीहरुलाई बढी माया दिएको, अनि विदेशको बसाइ अवधिभर घर-परिवारलाई मुस्किलले हप्तामा एक पटक मात्र कल गर्ने गरेको अनि लामो समयपश्चात् विदेशबाट फर्केका बाबुको लगेज पुरै खोतली सक्दा पनि आफ्नो लागि केही सामान नल्याइदिएको तितो अनुभव सँगालेकी थिई । त्यसैले त उसले मलाई बेला बेलामा भन्ने गर्थी मामु- 'भाइ र मैले बाबाको माया हुनुपर्ने जति पाउन सकेनौं हजुरले त श्रीमानबाट पाउनुपर्ने माया पाउन सक्नुहुन्छ नि । हाम्रा बाबु पो अरू कोही हुन सक्दैनन् । हजुरको श्रीमान् त जो कोही पनि त हुन सक्छन् नि हैन र ?' भनेर सोध्ने गरेकी थिई ।



उसको अनुहार नियालिरहँदा खै किन ? विगत सम्झेर पीडित हुनु राम्रो होइन भनेर जान्दाजान्दै पनि कलेज पढ्दा आफूलाई चाहने पुरुष साथीहरुको निक्कै याद आयो र तीन वटा अनुहारहरुले धेरै सतायो, जसलाई मैले समाजको डर, जातका कुरा अनि आमा बुबाका रहरका कारण लत्याएकी थिएँ । एउटा चाहिँ आफ्नै फेसबुकको फ्रेण्ड लिस्टमा भएकोले प्रोफाइल खोलेर हेर्न मन लाग्यो र हेर्दै गएँ उसको जोड़ी र रमाइला क्षणहरुका पोष्टहरूले आफैंलाई जिस्काए झैं लाग्यो र मोबाइल बन्द गरेर, आफूले मन पराएको र आफूलाई माया गर्ने मान्छेको खुशीमा रमाउनुको मजा पनि त बेग्लै हुन्छ नस भन्ने सोचेर निदाउने प्रयास गरेँ ।

हुन पनि निक्कै आकर्षक व्यक्तित्व, पढाइ पेशा अनि घर-परिवार भनेर विवाह भएको ऊ सँग मेरो नाता गाँसिएको लगभग तीन वर्षदेखि नै खटपट शुरू भएको थियो । थप तीन वर्ष केही नबोली बसेपछि मैले यो कुरा आफ्नी साथी जस्तै आमालाई सुनाएकी थिएँ । तर, पुरानै जमानाकी मेरी आमाले मलाई समाजको डर, इष्ट मित्रहरुका भनाइ, बाबुको पेशा, भर्खर जन्मेका नाति नातिनाको भविष्य देखाएर मेरो घर बचाउने र बसाउने प्रयास गरेकी थिइन्, अनि मेरा बुवाले पनि आमाकै हो मा हो मिलाउनु भएको थियो । त्यस्तै आफू पनि हजुर आमाले सिकाएको संस्कार अनुसार कुनै दिन त ऊ सुध्रिएला नि ? भन्ने आशमा मठ मन्दिर, पूजा, चिना, ज्योतिषकोमा धाउँदै र छोराछोरीको मायामा भुल्दै गएकी थिएँ ।

तर, समय बिस्तारै व्यतीत भएसँगै आफूले जानेको, सकेको, भ्याएको, बुझेको सारा उपाय लगाउँदा पनि उसमा कुनै राम्रो परिवर्तन नदेखिएपछि, र उसका घर परिवारले पनि मेरो दुःख नबुझेपछि अनि विवाह भएको २० वर्ष बितिसकेपछि भने मैले आफ्ना नजिकका आफन्तहरुलाई बाहेक धेरै इष्टमित्रहरुलाई थाह नभएको आफ्नो पीडा सार्वजनिक गर्न थालेँ र आफू त्यो घरमा बस्न नसक्ने यथार्थता पनि बताउन थालेँ । आखिर दुःख लुकाउन सकिन्न भन्ने कुरा समाजमा चलेको पनि त छ । जसले जे भने पनि सुन्ने आँट बटुलेर मैले यो कुरा सबै आफन्तहरु माझ राखेकी थिएँ ।

तर, समाज परिवर्तन भएको हो वा मेरा हितैषीहरुले मलाई माया गरेका हुन् जो जसलाई आफ्नो दुःख सुनाएँ र अब ऊसँगसँगै बस्न नसक्ने अवस्था बुझाएँ, मेरो अगाडि भएर हो वा साँच्चै हो, हुँदैन र यस्तो निर्णय नगर भनेर चाहिँ कसैले भनेनन् । त्यस्तै मेरा बाबाले पनि हरेक दिन आफूले आफैँलाई बिर्सेर माया गरेकी आफ्नी छोरी हरदिन डिप्रेस भएर बाँचेको देख्नुभन्दा डिभोर्स गरेर हाँसेको हेर्ने रहर भएको बताउनु भएको थियो । मैले लिएको निर्णय उसलाई सुनाउँदै आफ्नो हुनुको हक जताएर घुर्की लगाएपछि कताकता उसले आफ्नो व्यवहारमा पश्चाताप गरेर मलाई 'छुट्टिने कुरा नगर' भन्छ कि भन्ने झिनो आश ममा थियो । तर उसले मलाई 'के, र किन ?' जस्ता कुनै प्रश्न नगरी आरामले 'It's ok' भनेर मेरो मुख टाली दिएको थियो । म पनि प्रक्रिया पूरा गर्नतिर लागेकी थिएँ ।

प्रक्रिया पूरा भएसँगै माइतीमा बस्दै आएकी म, ऊ बस्ने घरबाट थोरै मात्र टाढा थिएँ । त्यसैले हरेक दिन उसका दिनचर्या देख्न पुग्थेँ । केही समय त मैले पनि वास्ता गरिनँ तर कागजी रुपमा जे-जस्तो निर्णय गरेको भए पनि आखिर मन त उसलाई चटक्कै छोड्न कहाँ सक्थ्यो र ? केही महिनादेखि नै हरेक दिन त्यो हालतमा आउने उसलाई कसले सम्हाल्यो होला ? कसले दियो होला उसलाइ मनपर्ने कफी ? भन्ने कुराले मलाई सताउन थालेछन् र आफू बसेको कौसीमा उक्लँदा देखिने उसको कौसीमा सुकाएका लुगाहरुमा उसका पहिरनहरु खोज्न थाल्ने पो भएछु । २० वर्षसम्म उसले सताएका कुराहरु सम्झेर छोड्ने निर्णय लिएको भए पनि त्यसभित्र केही राम्रा र रमाइला कुराहरु पनि त लुकेका थिए ।

यसरी, ऊसँग छुट्टिएर बस्न थालेपछि मनका आएका ऊ र उसको परिवारसँगको रमाइला क्षणहरूको यादले सताइरहेकै बेलामा कसैले सम्झाएर हो वा आफैं परिवर्तन भएर, दिदीको साथ लागेर मेरो माइतीमा आएको उसले केही नबोली मेरो हात मागेपछि भने मैले पनि केही नसोधी र नसोची चुपचाप उसलाई जे जस्तो परिस्थितिमा पनि साथ दिने कशम मनमनै खाएकी थिएँ ।

# प्रविधिमैत्री ज्योतिष विज्ञानमा पाण्डे




**लक्ष्मीपुर, पुस ८।** मानिसले जन्म कुण्डलीको आधारमा ज्योतिष शास्त्रका माध्यमबाट जीवनका विविध पक्षको भविष्यवाणीको लागि ज्योतिष विज्ञानलाई सहारा लिइने गरेको नयाँ कुरा होइन ।

भाग्य, भविष्य, दुःख-कष्ट आदिको भविष्यवाणी ज्योतिषीहरुबाट गराई शान्ति प्राप्त गर्ने र जीवनका लक्ष्य पूरा गर्ने माध्यम बनेको छ ज्योतिष विज्ञान । ज्योतिष विज्ञानकै अंशको रुपमा विकसित सामुन्द्रिक ज्ञानका आधारमा हस्तरेखा पहिचानबाट भाग्य र भविष्यको आकलन गर्नेदेखि सडक ज्योतिषीसम्मका गलत प्रवृत्तिका कारण अहिले ज्योतिष विज्ञानमा त्यतिकै विकृति पनि भित्रिएको छ ।

तर, आधुनिक प्रविधिको प्रयोग गरी ज्योतिष विज्ञानको गहन अध्ययन र अनुसन्धान गर्ने पद्धति पनि युवापिँढीमा बढिरहेकोप्रति खुशी प्रकट गर्ने र पूर्वीय संस्कृतिको संरक्षण हुनेमा विश्वास बढ्दै गएको छ ।

पछिल्लो पुस्तामा आधुनिक प्रविधिको प्रयोग गरी सही भविष्यवाणी गर्न सक्ने विद्वानका रुपमा झापाको बिर्तामोड निवासी युवा ज्योतिष एवम् वास्तुविज्ञ कश्यप पाण्डे बृहस्पति अग्रस्थानमा देखिएका छन् ।

विगत लामो समयदेखि बिर्तामोड क्षेत्रलाई कार्यथलो बनाएका पाण्डे यतिबेला चर्चाको चुलीमा पुगेका छन् । विगत लामो समयदेखि बिर्तामोड क्षेत्रलाई कार्यथलो बनाएका पाण्डे यतिबेला चर्चाको चुलीमा पुगेका छन् । भर्खरै बिर्तामोडको मेघा कम्प्लेक्सको दोस्रो तल्लामा दिव्यदृष्टि ज्योतिष एवम् वास्तु परामर्श सेवा केन्द्रको कार्यालय सञ्चालनमा आएको छ ।

दैनिक बिहान ८ बजेदेखि बेलुका ८ बजेसम्म आफ्नो जीवनमा घट्न सक्ने घटना, सन्तान प्राप्ति, वरबधु प्राप्ती, वैदेशिक यात्रा, स्वास्थ्य, आर्थिक अवस्था लगायतका विषयमा परामर्शका लागि सो केन्द्रमा सेवाग्राहीको भिड लाग्ने गरेको छ । भारतको पश्चिम बंगाल, दार्जिलिङ, खर्साङ, झापा, इलाम, ताप्लेजङ, तेह्रथुम, पाँचथर, मोरङ, सुनसरी र धनकुटासम्मका सेवाग्राहीले सेवालिने गरेका छन् ।

वास्तुविज्ञ एवम् ज्यो. पाण्डे भन्छन्- 'सौर्यमण्डलमा रहेका तारा र ग्रहको आपसी सम्बन्धबाट उत्पन्न भएको किरण वा तरंग पृथ्वीको सतहमा पर्दछ । यिनै तरङ्गलाई सूक्ष्म गणितीय शूत्रबाट अध्ययन गरी त्यसको जड र चेतनको पृथ्वीमा पर्ने प्रभावको अध्ययन र विश्लेषण गर्ने अद्वितीय विज्ञान ज्योतिष शास्त्र हो । यसले ग्रहको प्रभावले पृथ्वी र यहाँका मानिस माथि पर्ने प्रभावको भविष्यवाणी ज्योतिष विज्ञानले गर्दछ ।'

'यो पूर्ण सत्य विज्ञान हो । ज्योतिष विज्ञानलाई वैदिक शास्त्र वेदको स्थापना भएको समयदेखि ग्रहको स्थानको भूत, वर्तमान र भविष्यको भविष्यवाणी गर्ने वेदको आँखाको रुपमा लिइन्छ । पूर्वीय दर्शनमा प्राचीन मेसोपोटामियामा उत्पत्ति भई ग्रीस र भारत हुँदै नेपालमा ज्योतिष विज्ञान फैलिएको विश्वास गरिन्छ ।

वैदिक शास्त्र वेदको एक अङ्गका रुपमा लिइएको र आदी युगमा ऋषिमुनीहरुले विकास गर्दै आएको विज्ञानलाई सही उपयोग गर्न सक्ने जीवन र जगतलाई सहीमार्गमा डोऱ्याउन सहयोग पुऱ्याउने विश्वास गरिन्छ । जसको कारण ज्योतिष विज्ञानलाई मानव जीवन जिउने सहाराको रुपमा लिइन्छ' -विज्ञ पाण्डे भन्छन् । सभ्य, सु-संस्कृत र समृद्ध समाज निर्माणको मूल आधार ज्योतिष विज्ञान भएकोले यसका विकृति र विसंगती अन्त्य गरी संरक्षणमा जुट्नुपर्ने आजको आवश्यकता बनेको छ ।

**प्रस्तुतिः पूर्णबहादुर कटुवाल**

# सुस्मितालाई उत्कृष्ट आमा सम्मान

**दुहागढी, पुस ८।** मेचीनगर- १४ दुहागढीस्थित बाल सुबोधिनी माध्यमिक विद्यालयले वर्ष उत्कृष्ट आमाको रुपमा सुस्मिता राईलाई सम्मान गरेको छ ।

विद्यालयमा शुक्रवार आयोजित आमा भेलाकाबीच प्रमुख अतिथि प्रदेशसभा सदस्य सबिना बजगाँई र विशिष्ट अतिथि मेचीनगर १४ नं. वडाका वडाध्यक्ष बाबुलाल सुब्बाले संयुक्त रुपमा दोसल्ला र सम्मानपत्रबाट सम्मान गरेका थिए ।

सोही कार्यक्रमका बीच प्रमुख अतिथि एवम् नवनिर्वाचित प्रदेशसभा सदस्य सबिना बजगाँईलाई समेत विद्यालयका तर्फबाट सफल कार्यकालको शुभकामनासहित सम्मान गरिएको कार्यक्रममा प्रधानाध्यापक विश्व थापाले विद्यालयका गतिविधिका बारेमा प्रकाश पारेका थिए ।

विद्यालय व्यवस्थापन समितिका सदस्य मुनीलाल राजवंशीले स्वागत गरेको कार्यक्रममा विशिष्ट अतिथि सुब्बा र प्रमुख अतिथि बजगाँईले मन्तव्य राख्दै शैक्षिक गुणस्तर अभिवृद्धिमा आमाहरुको योगदानका बारेमा चर्चा गरेका थिए । शिक्षक अभिभावक संघका अध्यक्ष भेषराज सुबेदीको सभापतित्वमा सम्पन्न कार्यक्रमको सञ्चालन शिक्षक पदमप्रसाद मिश्रले गरेका थिए ।



# रामजानकी मन्दिरको पद हस्तान्तरण




**बुधबारे, पुस ८।** बुद्धशान्ति-३ स्थित रामजानकी मन्दिरको पद हस्तान्तरण सम्पन्न भएको छ ।

निर्वाचन समितिका संयोजक प्रेमकुमार शिवाकोटीको अध्यक्षता तथा मेघनाथ ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रमकामा पद हस्तान्तरण सम्पन्न भएको हो । बुद्धशान्ति-३ स्थित साझा धरोहरको रुपमा रहेको श्री रामजानकी मन्दिरको २५औं वार्षिक साधारणसभाले निर्विरोध चयन गरेको नयाँ कार्यसमितिको पद हस्तान्तरण कार्यक्रम सम्पन्न गरेको हो ।

निर्वाचन समितिका संयोजक प्रेमकुमार शिवाकोटीद्वारा पद तथा गोपनीयताको सपथ ग्रहण गराइएको उक्त कार्यक्रममा प्रमुख अतिथि ढकालले पदीय प्रमाणपत्र हस्तान्तरण र निर्वाचन समिति सदस्य चन्द्र कोइरालाले कार्यक्रम सञ्चालन गरेका थिए ।

नवनिर्वाचित कार्यसमितिका अध्यक्ष टंक काफ्ले विकल्प, उपाध्यक्ष भगवती न्यौपाने, सचिव जय भण्डारी, कोषाध्यक्ष केशव सापकोटा, सदस्यहरू छत्र बिष्ट, यानु न्यौपाने, ऋषिकेश ओझा, उषा अधिकारी, सीता न्यौपाने, विष्णु मैनाली उप्रेती, जीतबहादुर श्रेष्ठ, माधव अर्याल, गंगा आचार्य र दुर्गाप्रसाद दंगालले सपथ ग्रहण गरेका हुन् ।

कार्यक्रममा प्रमुख अतिथि ढकाल, शीतला मन्दिर अध्यक्ष निलम घिमिरे निवर्तमान अध्यक्ष बेणुप्रसाद संग्रौलाले शुभकामना मन्तव्य राखेका थिए । निवर्तमान कोषाध्यक्ष दिलकुमार श्रेष्ठले स्वागत तथा माइन्युट लगायतका हरहिसाव नवनिर्वाचित सचिव जय भण्डारीलाई बुझबुझारत गरेका थिए ।

# राधाकृष्ण किर्तन मण्डलीद्वारा ज्येष्ठ नागरिकलाई सम्मान

**बिर्तामोड, पुस ८।** राधाकृष्ण किर्तन मण्डली बिर्तामोड-१ ले राजविराजको छिन्नमस्ता कंकालिनी मन्दिरमा आयोजित समारोहकाबीच २० जना ज्येष्ठ सदस्यलाई सम्मान गरेको छ ।




किर्तन मण्डलीमा आबद्ध सदस्यलाई तीर्थयात्रा गराउँदै दोसल्ला ओढाएर सम्मान गरेको थियो । दुई वर्षदेखि ९५ वर्षसम्मका आफ्ना सदस्यलाई तीर्थयात्रा गराउँदै प्रसाद स्वरुप मन्दिर परिसरमै खीर समेत खुवाएर तीर्थयात्राको मनोकामना पूरा गराएको मण्डलीकी सचिव पूजा काफ्ले खरेलले जानकारी दिइन् ।

क्यान झापाका अध्यक्ष कृष्ण घिमिरे र क्यान सुनसरीका नवनिर्वाचित पदाधिकारीलाई समेत सम्मान गरिएको थियो । बिर्तामोड-१ मा रहेको किर्तन मण्डलीले सामाजिक कामलाई समेत अघि बढाएको छ । कनकाई नगरपालिका-१ मा रहेको सुस्त मनस्थिति सरोकार समाजमा रहेका बालबालिकालाई खाद्यान्न प्रदान गरेको छ भने किर्तन मण्डलीबाट नृत्य गर्ने छ जनालाई साधारणा सभामा कदरपत्रसहित सम्मान गरिने भएको छ ।

दिपावलीको अवसरमा देउसी-भैलोबाट संकलित रकम ५८ हजार पाँच सय ५० रुपैयाँ, किर्तनको कोषबाट तथा स्वतःस्फूत उठेको रकम मध्येबाट किर्तन मण्डलीले तीन वटै काम सम्पन्न गरेको हो । तीर्थयात्री तथा मन्दिर परिसरका गरी एक सय ५० जनालाई सो समारोहमा प्रसाद वितरण गरिएको थियो ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२, ९८०१३६४०९३

## संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सुनुवाईको सूचना

**(वातावरण संरक्षण नियमावली २०७७ को नियम ६ साग सम्बन्धित)**

*प्रथम पटक प्रकाशितमितिः २०७९/०९/०९*

कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, जामुनबारी, झापा, प्रदेश नं. १, नेपालद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | श्री कनकाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय जामुनबारी, झापा, प्रदेश नं. १ नेपाल सम्पर्क नम्बरः ०२३-४०११११ |
| प्रस्तावको व्यहोरा | इमेलः info@kankaimun.gov.np सन्काहा खोला किनार क्षेत्रबाट संकलन तथा उत्खनन् हुने बालुवा सम्बन्धी |
| प्रभाव पर्न सक्ने नगरपालिकाको वडा | कनकाई नगरपालिका, वडा नं. २ |

माथि उल्लेखित प्रस्ताव कार्यान्वयनबाट आयोजना क्षेत्रको भौतिक, जैविक, सामाजिक, सांस्कृतिक र आर्थिक प्रणालीहरुमा के-कस्तो प्रभाव पर्दछ भनी यकि नगर्न प्रस्तावकले संक्षिप्त वातावरणीय अध्ययन (Brief Environmental Study-BES)प्रतिवेदन तयार गर्नु पर्ने भएकाले उक्त प्रतिवेदन तयारीको सिलसिलामा सोकार्यबाट प्रभावित हुने स्थानीय समुदाय तथा स्थानीय तहका प्रतिनिधिहरु समेतलाई सहभागी गराई सार्वजनिक सुनूवाई गर्नुपर्ने भएकाले यस प्रस्तावसँग सरोकार राख्ने सम्पूर्ण सरोकारवालाहरुलाई निम्न मिति र समयमा उपस्थित हुन अनुरोध गर्दै यो सूचना प्रकाशित गरिएको छ ।

**रायसुझावको लागि पत्राचार गर्ने ठेगाना :**

| | |
|---|---|
| स्थान | कनकाई नगरपालिका वडा नं. २ को कार्यालय झापा |
| मिति | २०७९/०९/१२ मंगलबार |
| समय | ११:०० बजे |

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## नेपालीहरुको लागि भरपर्दो सेवा
## निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को पार्ट्सहरु विशेष छुटमा बिक्री गरिँदैछ ।





यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

*नोटः यहाँबाट निःशुल्क ज्योतिष सेवा उपलब्ध गराइन्छ ।*
Youtube Channel : Nishat M jotic kendra

## बिमालेख हरायो

बिर्तामोडबाट चन्द्रगढी जाने क्रममा यही मिति २०७९/०८/०१ गते मेरो निम्न व्यहोराको नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

**नामः-** विष्णुमाया अधिकारी
**ठेगानाः-** कनकाई-०४, झापा
**पोलेसी नं.ः-** ०१७१४२०२
**कम्पनी नामः** नेपाल लाइफ इन्स्योरेन्स क.लि.
**सम्पर्कः** ९८१७०४७४१९

## पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई बिर्तामोड-५, झापा

- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक



9825927477 / 9806090781
9849504771 / 9842695884

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।



सम्पर्क :
९८१४९९३७१२, ९८४२६७७८५५
९८२४९९०४६२, ९७४५२६०८२५

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## छापाखाना

क्यालेण्डर | विवाह कार्ड | बिल, भौचर | फ्लेक्स प्रिन्ट | स्टाम (छाप) | कप, टि-सर्ट | लेमिनेशन | फोटोकपी

आकर्षक, शुद्ध र छिटो छपाईका लागि सधैं सम्झनुहोस् ।
७ बार १२ महिना संचालनमा
घिमिरे अफसेट प्रेस
अतिथिसदन उत्तर पट्टिको घर
फोन नं. : ०२३-५९०१५९,
अफिसः ९७४६८७९७०२
९८४२६२५३५३, ९८१४०३६३४४

## सुवर्ण अवसर

तपाईको घर, अफिस र गोदाममा,
# Electrician   # Plumbing
# Geyser, A.C, Freeze   # Carpenter   # tiles marbel
# CC camera   # computer printer आदिको
कुनै पनि सामान चाहिए वा समस्या भए तु-हामीलाई सम्झनुहोस्, हामी तु-समाधान गरिदिन्छौ ।
नयाँ गिरको बिक्रीसहित जडान पनि गरिन्छ ।


Munna Group pvt.Ltd
Bibek limbu : 9801457750 l Puspa Bhandari 9801457751
Office: 9801450022

## हाडजोर्नी तथा नसाका समस्याहरुको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
समय मिश्रित फलदायी छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ, खानपानमा ध्यान दिनुहोला, सानो काममा धेरै मेहनत गर्नुपर्ने योग छ ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइने छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
समय त्यति अनुकूल देखिएन, बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला । विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
व्यापार-व्यवसायमा फाइदाजनक योग रहेको छ, मिष्ठान्न भोजन प्राप्त हुन सक्नेछ, साथीभाइसँग मन प्रशन्न रहला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
समय सामान्य रहेको छ, खर्च बढेर जानेछ, काम सफलता नहुँदा मन खिन्न रहला, स्वास्थ्यमा गडबडीको योग रहेको छ, खानपानमा विशेष ध्यान दिनुहोला ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
व्यापार-व्यवसायमा लाभ प्राप्त होला, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
अधुरा रहेका कामहरू सिद्ध हुने दिन आएको छ, उच्च अधिकारीबाट साथ, सहयोग र हौसला मिल्नेछ, मन हर्षित हुनेछ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
धार्मिक कार्यमा सहभागी हुने दिन रहेको छ, बोल्दा विचार पुऱ्याउनुहोला, घुँडा तथा ढाडमा समस्या हुन सक्छ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
बोलिको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनु होला, प्रियजनसँग भेट हुने समय रहेको छ, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
मेहनतले राम्रो परिणाम प्राप्त हुनेछ, दिगो फाइदा हुने काम प्रारम्भ हुने समय रहेको छ, दाम्पत्य जीवन सुखी रहला, उत्साह बढ्ने योग रहेको छ ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
आजको दिन समयले साथ दिएको छैन, नचिताएको ठाउँमा धन खर्च गर्नुपर्दा मन खिन्न भएर जानेछ, परिवारजन बिमुख हुनेछन् ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
सुख र धनको प्राप्ती हुनेछ, मान, प्रतिष्ठा, इज्जत बढेर जानेछ, शत्रुमाथि बिजय प्राप्त हुनेछ, दाम्पत्य सुख मिल्नेछ मन हर्षित रहला ।